सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मुडनगर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

## मिति २०८२/११/२८ गतेको कार्यपालिका वैठकका निर्णयहरु

### निर्णय नं. १

संघीय सरकारले कार्यान्वयनमाल्याएको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन कार्यविधि,२०८२ बमोजिम सैनामैना नगरपालिकाको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा हालसम्म भएका कार्यहरुको बारेमा जानकारी भयो । सो मूल्यांकनकोप्रकृया अगाडि बढाउन नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो।

### निर्णय नं. २

सैनामैना नगरपालिका र एसियाली विकास बैकको सहयोगमा कार्यान्वयमा रहेको Urban Resilience and Livability Improvement Project (URLIP)कार्यक्रम अन्तरगत सैनामैना नगरपालिका क्षेत्र भित्र देहायका आयोजनाहरु कार्यान्वयन गर्नका लागि प्रचलित कानून बमोजिम जग्गा लिजमा लिन सम्बन्धित निकायहरुमा प्रकृया अगाडि बढाइदिन अनुरोध गर्ने निर्णय गरियो।

देहाय

१- पानवारी सिमसार संरक्षण योजना सैनामैना, १०
२- राजापानी सिमसार संरक्षण योजना सैनामैना, ११
३- एकिकृत मलमला क्षेत्र विकास परियोजना सैनामैना, ६
४- लेडुवापोखरी हरियाली प्रवर्द्धन तथा पार्क निर्माण योजना सैनामैना, ४
५- सैनामैना पार्क निर्माण तथा हरियालि प्रवर्द्धन योजना सैनामैना, ३

### निर्णय नं. ३

सैनामैना नगरपालिकामा रहेको जनचेतना माध्यमिक विद्यालयको कम्पाउण्डवाल नभएको र केहीस्थान खुल्ला रहेको तथा हालै सम्पन्न निर्वाचनमा सुरक्षा व्यवस्थालाई समेत मध्यनजर राखि तत्कालै तारवार गर्ने कार्य गरिएकोमा सो कार्यका लागि खर्च भएको रकम रु. १ लाख मर्मत सम्भार कोषबाट भुक्तानी गर्ने निर्णय गरियो।

### निर्णय नं. ४

सैनामैना नगरपालिका वडा नं १० स्थित एकला पहाडमा एकिकृत फोहरमैला प्रशोधन केन्द्र निर्माणका लागि नेपाल सरकारबाट जग्गाको भोगाधिकार समेत प्राप्त भइसकेकाले उक्त क्षेत्रमा एकिकृत फोरहमैला प्रशोधन केन्द्र निर्माणका लागि आवश्यक वजेट व्यवस्था गरिदिन संघीय सरकार मार्फत एसियाली विकास वैंकसँग अनुरोध गर्ने निर्णय गरियो।

### निर्णय नं. ५

सैनामैना नगरपालिकामा आ. व. २०८१/८२ मा लैंगिक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा सम्पन्न भएका कार्यक्रमहरुको GESI Audit प्रतिवेदनमाथि छलफल गरी सोको प्रतिवेदन स्विकृत गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

प्रसाद शर्मा
नगर प्रमुख

CamScanner

# मिति २०८२/११/२८ गतेको कार्यपालिका बैठकका निर्णयहरु

**निर्णयनं. ६**

सैनामैना नगरपालिका क्षेत्र भित्र गैर नाफामूलक संस्थाहरुको नक्सापास गर्दालिइने नक्सापास दस्तुर सैनामैना नगरपालिकाको आर्थिक ऐन, २०८२ को अनुसूची ९ (क) मा भएको आवाशिय पक्कि घरको नक्सापास दस्तुर बमोजिम लिने निर्णय गरियो।

**निर्णय नं. ७**

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तरगत सञ्चालित राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ को परिच्छेद ३ को दफा ११ बमोजिम देहायको स्थानीय कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क) नगरप्रमुख | अध्यक्ष |
| ख) नगर उपप्रमुख | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) संयोजक, सामाजिक विकाससमिति | सदस्य |
| ङ) प्रमुख, आर्थिक प्रशासनशाखा | सदस्य |
| च) प्रमुख सामाजिक विकास शाखा | सदस्य |
| छ) स्थानिय तहको बैङ्क तथा वित्तिय संस्थाको तर्फबाट (कृषी विकास बैक) | सदस्य |
| ज) प्रमुख उद्योग वाणिज्य संघ (स्थानीय) | सदस्य |
| झ) प्रमुख उद्योग व्यापार सगठन (स्थानीय) | सदस्य |
| ञ) रोजगार संयोजक | सदस्यसचिव |

**निर्णय नं. ८**

सैनामैना होटल तथा रेष्टुरेन्ट व्यवसायी संघ सैनामैना रुपन्देहीलाई पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्दै सैनामैना रैथाने खाना तथा सडक महोत्सव सञ्चालन गर्नका लागि मागमा आधारित कार्यक्रम संचालन कार्यक्रम (२२५२२) खर्च शिर्षकबाट रु. २ लाख ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

सैनामैना नगरपालिका वडा नं. ८ मा कार्यालय परिसरको कम्पाउण्ड वाल तथाअन्य ससाना कार्यहरुको मर्मत संभारका लागि लागत अनुमान बमोजिम रु३,२८,०००।– र वडा नं १० को वडा कार्यालयमा कार्यालय परिसर अगाडीको नाली, ट्रष्ट निर्माण तथा अन्य मर्मतका लागि लागत अनुमान बमोजिम लाग्ने रकम मर्मत सम्भार कोषबाट विनियोजन गरी मर्मत संभार गगर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १०**

सैनामैना वडा नं. ६ मा रहेको मलमला मन्दिरमा खानेपानीको व्यवस्थापनका लागि हाल रहेको सोलार पम्प विग्रेको हुँदा सो स्थानमा सवमरसिवल पम्प खरिद तथा जडाका लागि लागत अनुमान बमोजिम लाग्ने रकम मर्मत संभार कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

लक्ष्मीराम न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत